कार्यकारी समितिको ( मिति २०७३/१२/११ गते शुक्रबार) ५५ औ बैठकका निर्णयहरु ।

१. भूकम्प प्रभावित क्षेत्रमा एकीकृत वस्ती विकास गर्ने प्रयोजनको लागि पुर्नवास वा स्थानान्तरण गर्ने क्रममा सरोकारवाला भूकम्प पीडितहरुको जग्गालाई मिलान गरी एकीकृत वस्ती विकास गर्नु पर्दा जग्गा दर्ता वापतको शुल्क नलाग्ने (स्थानान्तरण भई उक्त क्षेत्रमा आउने कुनै व्यक्तिको जग्गा एकिकृत प्लटमा नपर्ने भएमा निजको नाममा जग्गा दर्ता गर्दा रजिष्ट्रेशन शुल्क लाग्ने ) व्यवस्था गरिदिन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

२. पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा (९) बमोजिम सिफारिस भई आएको देहायको विद्यालय पुनर्निर्माण संग सम्बन्धित परियोजना स्वीकृत गर्ने । सो परियोजना संचालन गर्दा विद्यालय पुनर्निर्माण कार्यविधि, २०७३ ले तोकेको मापदण्ड अनुसार गर्ने शर्त पालना गर्न लगाउने ।

| क्र. सं. | संस्थाको नाम | परियोजना कार्यान्वयन स्थान | परियोजनाको प्रकृति | बजेट | परियोजना अवधि |
|---|---|---|---|---|---|
| १. | श्री वागेश्वरी मा.वि. भवन पुनर्निर्माण कार्यक्रम (विद्यालय व्यवस्थापन समितिबाट निर्माण गर्ने) | श्री वागेश्वरी मा.वि. भवन वेनिघाट-१ धादिङ | विद्यालय भवन पुनर्निर्माण (चार कोठे पक्की भवन ) | १,२८,२५,४७१.२३।- | सन २०१७ देखि सन २०१८ सम्म |

सचिव